श्री

आज मिति २०७६ साल असार १० गते मंगलबारका दिन दिनको १.00 बजे देखि यस मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न पदाधिकारी, नगर सभा सदस्यहरु तथा कर्मचारीहरुको उपस्थितिमा यस मिथिला नगरपालिकाको चौथो नगर सभा, २०७६ को बैठक प्रारम्भ भई तपसिल अनुसारका कार्यसूची (प्रस्ताव) मा छलफल भई तपसिल बमोजिम निर्णय भयो ।

सि.न	पद	नाम थर	दस्तखत
१	नगर प्रमुख	हरि नारायण महतो	
२	उप प्रमुख	तारा कुमारी बस्नेत	
३	वडा अध्यक्ष (१)	लक्ष्मी महतो	
४	महिला सदस्य	जहरी देवी महतो	
५	दलित महिला सदस्य	सोनमती देवी तत्मा	
६	खुल्ला सदस्य १	कामेश्वर महतो	
७	खुल्ला सदस्य २	शिव कुमार महतो	
८	वडा अध्यक्ष (२)	विहारी महतो	
९	महिला सदस्य	सावित्री देवी कुशवाहा	
१०	दलित महिला सदस्य	कौशिल्यादेवी महरा	
११	खुल्ला सदस्य १	जोगी महतो कोईरी	
१२	खुल्ला सदस्य २	हरि कुमार यादव	
१३	वडा अध्यक्ष (३)	राम एकवाल महतो	
१४	महिला सदस्य	कल्पना गजमेर	
१५	दलित महिला सदस्य	किरण कुमारी मुसहर्नी	
१६	खुल्ला सदस्य १	जिवछ धुनिया	
१७	खुल्ला सदस्य २	रामवीर यादव	
१८	वडा अध्यक्ष (४)	विष्णुहरि खदाल	
१९	महिला सदस्य	सुनमाया कमिनी	
२०	दलित महिला सदस्य	हरिमाया मिजार	
२१	खुल्ला सदस्य १	राम एकवाल महतो	
२२	खुल्ला सदस्य २	राजकुमार आले	
२३	वडा अध्यक्ष (५)	श्यामबाबु यादव	
२४	महिला सदस्य	सुशिला देवी महतो	
२५	दलित महिला सदस्य	ईन्द्र कुमारी मिजार	
२६	खुल्ला सदस्य १	राधवेन्द्र ठाकुर	
२७	खुल्ला सदस्य २	राम एकवाल महतो	
२८	वडा अध्यक्ष (६)	भक्त वहादुर बलम्पाकी	
२९	महिला सदस्य	ठेट कुमारी दहाल	
३०	दलित महिला सदस्य	रेखा कुमारी	

9.

३१	खुल्ला सदस्य १	रामसोगारथ महतो	
३२	खुल्ला सदस्य २	सीताराम महतो	
३३	वडा अध्यक्ष (७)	युबराज उप्रती	
३४	महिला सदस्य	विमला कुमारी स्यांग्दान	
३५	दलित महिला सदस्य	सुनिता कुमारी लोहनी वि.क.	
३६	खुल्ला सदस्य १	रामो साहु तेली	
३७	खुल्ला सदस्य २	गोपाल वहादुर तमांग	
३८	वडा अध्यक्ष (८)	देवनारायण महतो	
३९	महिला सदस्य	ईन्दु कुमारी महतो	
४०	दलित महिला सदस्य	देवकी कुमारी	
४१	खुल्ला सदस्य १	रुद्र वहादुर गुर्माछाने	
४२	खुल्ला सदस्य २	संजीव कुमार महतो	
४३	वडा अध्यक्ष (९)	दिपकजंग थापा	
४४	महिला सदस्य	समिता लामा	
४५	दलित महिला सदस्य	अनिता परियार	
४६	खुल्ला सदस्य १	अमर लामा	
४७	खुल्ला सदस्य २	रुदल महतो कोईरी	
४८	वडा अध्यक्ष (१०)	सविन विक्रम थापा	
४९	महिला सदस्य	रेणु हेन्जन	
५०	दलित महिला सदस्य	सत्यमाया परियार	
५१	खुल्ला सदस्य १	भरतराज खडका	
५२	खुल्ला सदस्य २	विष्णु कुमार श्रेष्ठ	
५३	वडा अध्यक्ष (११)	वेद वहादुर कार्की	
५४	महिला सदस्य	सीतामाया गाखीन	
५५	दलित महिला सदस्य	सीता भित्रीकोटी	
५६	खुल्ला सदस्य १	सम्मर कुमार माझी	
५७	खुल्ला सदस्य २	उमेश थापा	
५८	कार्यपालिका सदस्य	राजदेव ठाकुर	
५९	कार्यपालिका सदस्य	गुलाब ठाकुर	
६०	कार्यपालिका सदस्य	देवी वहादुर तोलागे	
६१	प्रमुख प्रशासकीय अधिकृत	राम कुमार कार्की	
६२	का. स.	अनिता लामा	
६३	टा.ना.प्र.	सीता प्रेती	
६४	का.स.	भावना ठाकुर	
६५	अ.स.इ.	मनिता परियार	
६६	स.का.अ.	सीता कुमारी कापले	
६७	का. स.	इन्दिरा क.राउत कलवार	
६८	का. स.	रिता क्याजी थहतो	
६९	स.प.	कविता कुमारी महतो	कविता

60	सामाजिक परिचालिका	[illegible]	[illegible]
61	महिला [illegible]	[illegible]	[illegible]
62	[illegible]	[illegible]	[illegible]
63	सहायक अभियंता	केशव [illegible]	[illegible]
64	[illegible]	[illegible]	[illegible]
65	सब-इंजीनियर	[illegible]	[illegible]
66	[illegible]	[illegible]	[illegible]
67	[illegible]	[illegible]	[illegible]
68	[illegible]	[illegible]	[illegible]
69	[illegible]	[illegible]	[illegible]
70	[illegible]	[illegible]	[illegible]
71	[illegible]	[illegible]	[illegible]
72	[illegible]	[illegible]	[illegible]
73	[illegible]	[illegible]	[illegible]
74	[illegible]	[illegible]	[illegible]
75	[illegible]	[illegible]	[illegible]
76	[illegible]	[illegible]	[illegible]
77	[illegible]	[illegible]	[illegible]
78	[illegible]	[illegible]	[illegible]
79	[illegible]	[illegible]	[illegible]
80	[illegible]	[illegible]	[illegible]
81	[illegible]	[illegible]	[illegible]
82	[illegible]	[illegible]	[illegible]
83	[illegible]	[illegible]	[illegible]
84	[illegible]	[illegible]	[illegible]
85	[illegible]	[illegible]	[illegible]
86	[illegible]	[illegible]	[illegible]
87	[illegible]	[illegible]	[illegible]
88	[illegible]	[illegible]	[illegible]
89	[illegible]	[illegible]	[illegible]
90	[illegible]	[illegible]	[illegible]
91	[illegible]	[illegible]	[illegible]
92	[illegible]	[illegible]	[illegible]
93	[illegible]	[illegible]	[illegible]
94	[illegible]	[illegible]	[illegible]
95	[illegible]	[illegible]	[illegible]
96	[illegible]	[illegible]	[illegible]
97	[illegible]	[illegible]	[illegible]
98	[illegible]	[illegible]	[illegible]
99	[illegible]	[illegible]	[illegible]
100	[illegible]	[illegible]	[illegible]
101	[illegible]	[illegible]	[illegible]
102	[illegible]	[illegible]	[illegible]
103	[illegible]	[illegible]	[illegible]
104	[illegible]	[illegible]	[illegible]
105	[illegible]	[illegible]	[illegible]
106	[illegible]	[illegible]	[illegible]
107	[illegible]	[illegible]	[illegible]

१०५	[illegible] चालक	[illegible]	[illegible]
११०		[illegible]	[illegible]
१११	कार्यालय सहायक	[illegible]	
११२	[illegible]	[illegible]	

मिथिला नगरपालिकाको चौथो नगर सभा

२०७६ असार १० गते मंगलवार

प्रारम्भ समारोह

पहिलो दिन

वैठकका कार्यसूचीहरु

१. शहीद प्रति सम्मान र श्रद्धान्जली ।

२. आ.व. २०७६।०७७ लागि नीति, कार्यक्रम र बजेट सभा समक्ष पेश गर्ने ।

नेपालको संविधान २०७२ को भाग १८ धारा २२३ बमोजिम गठित मिथिला नगरपालिकाको चौथो नगर सभाबाट भएका निर्णयहरु:

निर्णय नं. १

नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको गर्नको लागि विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी हामीलाई समतामूलक समाज निर्माणको अग्रपथमा सदैव अगाडी बढी रहन प्रेरणा दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

निर्णय नं. २

मिथिला नगरपालिकाको आ.व. २०७६।०७७ को लागि चौथो नगर सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट सभा समक्ष पेश भई छलफलको क्रममा रहयो ।

मिथिला नगरपालिकाको चौथो नगर सभामा आ.ब. २०७६/०७७ को लागि पेश भएको नीति, कार्यक्रम तथा बजेट

गरिमामय यस नगर सभाका सभाध्यक्ष ज्यू,

सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,

सर्व प्रथम यस मिथिला नगरपालिकाको यस चौथो नगर सभाको प्रारम्भ समारोहमा सहभागी हुनु भएका सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु एवं उपस्थित कर्मचारी साथीहरुलाई मिथिला नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस अवसरमा विभिन्न ईतिहासका विभिन्न कालखण्डमा नेपालको सामाजिक परिवर्तन, लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्नको लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालमा संघीय लोकत्रान्तरिक गणतन्त्रात्मक शासन व्यवस्थाको मार्गलाई नेपालको संविधानले अंगीकार गरेको छ । यसैको आधारमा संघ, प्रदेश र स्थानीय तहलाई राज्य शक्तिको श्रोत प्रयोग गर्ने अधिकार प्रदान भएको छ। आज हामी स्थानीय तहको निर्वाचन पश्चात प्रथम, दोस्रो, तेस्रो, विशेष नगर सभा सम्पन्न गरी नेपालको संविधानको भाग १८ धारा २२३ बमोजिम नियमित रुपमा शुरु भएको चौथो नगर सभाको प्रारम्भ समारोहमा उपस्थित भएका छौं ।

हुदै गरेको यस सभाले हामीले सम्पन्न गरेको पछिल्ला सभाबाट स्वीकृत नीति, कार्यक्रम र बजेटको के कस्तो रुपमा प्रभावकारी कार्यन्वयन भयो भएन भन्ने विषयमा छलफल हुनेछ भने आज प्रस्तुत भएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटबाट मिथिला नगरपालिकाको दुरगामी एवं उज्जल र समृद्ध नगर निर्माणको आधार हुनेछ भन्नेमा मैले विश्वास लिएको छु।

हाम्रो ईच्छा, आकांक्षा, चाहना र आवश्यक्ता असिमित भएको र श्रोत साधन सिमित रहेको छ । उपलब्ध सिमित श्रोत र साधनबाट समग्र नगरको चाहना र विकासलाई सम्वोधन गर्न आफैमा ठुलो चुनौतीपूर्ण कार्य हो। सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम संचालन गर्नु पर्ने हाम्रो आवश्यक्ता र वाध्यता रहेको छ ।

पृष्ठभूमी: "सफा, सुन्दर र सम्वृद्ध शहर– हाम्रो मिथिला नगर" भन्ने मुल नाराका साथ अगाडी बढी रहेको यस नगरपालिका विकासको दृष्टिकोणले प्रचुर संभावना रहेको नगर हो। नगर क्षेत्रमा असिमित संभावनाहरुलाई सदुपयोग गर्दै समुन्नत नगर निर्माण गर्नका लागि यस सभाले तय गर्ने नीति, कार्यक्रम र बजेटले नगर विकासको लागि कोशेढुंगा सावित हुनेछ भन्ने मैले विश्वास लिएकी छु। प्रदेश नम्वर २ को राजधानीको रुपमा रहेको जनकपुरको समिपमा रहेको यो मिथिला नगर पायक र हरेक सुविधाका हिसावले प्रदेश नम्वर २ को मध्य विन्दु नै हो । यातायातको सुविधाको हिसावले अति सम्पन्न रहेको यस नगरमा उपलब्ध प्राकृतिक श्रोत एवं बढ्दै गइरहेको उद्योग व्यवसायले गर्दा आर्थिक विकासको प्रचुर संभावना रहेको नगर हो। जसबाट नगरबासीमा रोजगारीका अवसरमा बृद्धि हुनाका साथै नगरको समग्र विकासमा सकारात्मक टेवा पुगी रहेकोछ । यसको समग्र विकासका लागि सबै निर्वाचित जनप्रतिनिधि, माननीय सांसदज्यूहरु, नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकामा कार्यरत समस्त कर्मचारी,

संचारकर्मी एवं आम नगरबासीहरुको सक्रिय सहयोगको आवश्यकता पर्दछ । यसमा सबैको सहयोगमा हामीले लिएका नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनबाट अगाडी बढ्न सक्ने अपेक्षा यस मिथिला नगरपालिकाले लिएको छ ।

सभाका सदस्यज्यूहरु,

अब म यस नगरपालिकाको दीर्घकालिन सोच (Vision) लक्ष (Goal), उद्धेश्य (Objective) र अपेक्षित उपलब्धि (Expected Outcomes) को बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

क) **दीर्घकालिन सोच (Vision)** : कृषि, व्यापार, उद्योग, पर्यटन र समग्र पूर्वाधारको विकास गरी शान्त, सुन्दर र समृद्ध नगरपालिकाको निर्माण गर्ने ।

ख) **लक्ष्य(Goal)** : आगामी ३ वर्ष भित्र यस क्षेत्रको कृषि उत्पादन, व्यापार व्यावशाय, उद्योग, सहकारी र सहरी पूर्वाधार विकास गरी नागरिकको आयस्तरमा बृद्धि गरी समुन्नत नगर निर्माण गर्ने ।

ग) **उद्धेश्य(Objective)** :

१. कृषि, व्यापार, उद्योग, पर्यटन र व्यवस्थित बसोबास विकासका लागि सडक पूर्वाधारको निर्माण गर्ने ।

२. कृषि उत्पादनमा आत्म निर्भर बनाउने ।

३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका धार्मिक स्थलहरुलाई सौन्दर्यकरण गर्दै पर्यटन क्षेत्रको पूर्वाधार विकास गर्ने ।

४. नगरका सबै वडाहरुमा आफनै भुगोल भएर जाने कालो पत्रे सडकको संजालको विकास गर्ने ।

५. सबै वडा कार्यालयहरुमा तालिम हल सहितको कार्यालय भवन निर्माण गर्ने ।

६. राष्ट्रिय भू-उपयोग नीति अनुरुप औधोगिक क्षेत्र, व्यवसायिक क्षेत्र, आवास क्षेत्र र कृषि क्षेत्रको रुपमा विभाजन गर्ने ।

७. गुणस्तरीय शिक्षाको विकासमा जोड दिने ।

८. नगर भित्र रहेका स्वास्थ्य केन्द्र मध्ये कम्तीमा १ वटा स्वास्थ्य केन्द्र स्तरोन्नती गरी सुविधा सम्पन्न अस्पतालका रुपमा विकास गर्ने ।

९. पूर्ण खोपयुक्त, खुला दिशामुक्त, पूर्ण सरसफाई युक्त, बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री र पूर्ण सिचित नगर निर्माण गर्ने।

१०. सबैका लागि सुरक्षित पिउने पानी उपलब्ध गराउने ।

११. बालश्रम, बालविवाह, छुवाछुतमुक्त समाजको निर्माण गर्ने ।

घ) अपेक्षित उपलब्धि (Expected Outcomes) :

१. औषत आयको बृद्धि ।

२. औसत आयुमा बृद्धि ।

३. सबैका लागि स्वच्छ पिउने पानी उपलब्ध गराउने ।

४. बालश्रम, बालविवाह, छुवाछुतमुक्त समाजको निर्माण गर्ने ।

अब म मिथिला नगरपालिकाको मूल नारा "सफा, सुन्दर र समृद्ध शहर– हाम्रो मिथिला नगर" र दिर्घकालिन लक्ष्य शिक्षा र स्वास्थ्यमा सुदृढता कृषिमा आत्मनिर्भरता रहेको जानकारी गराउँदै आ.ब. २०७६/०७७ को लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका पद्धति र आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन र मापदण्ड
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र नगरपालिकाको आवधिक विकास योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- दिगो विकासका लक्ष्य र योजना आयोगले निर्धारण गरेका क्षेत्रहरु
- श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र स्थानीय राजस्व परामर्श समितिका निर्णयहरु
- वडास्तरीय योजना तर्जुमा भेला, वडा समितिको सिफारिश, विषयगत समितिको र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिश भई आएका योजनाहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरुबाट सिर्जित दायित्वहरु
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरु : सामाजिक सुरक्षा, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, आधारभुत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित बिषयहरु
- स्थानीय विशिष्ट परिस्थिति अनुसार यस मिथिला नगरपालिकाले आवश्यक ठानेका विविध बिषयहरु

उपस्थित महानुभावहरु,

अब म मिथिला नगरपालिकाले आ.ब. २०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाले लिएका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय सहभागिता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिक्तम प्रयोग हुने,
- महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वन वातावरण संरक्षण र सम्वर्द्धनमा सहयोग पुर्‍याउने,
- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्‍याउने,
- विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने
- राजश्व सुधारयोजना र परिचालनमा योगदान पुर्‍याउने

- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने
- मिथिला क्षेत्रका कला र सस्कृतिको पहिचान र प्रबर्द्धन गर्ने,
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने
- अधुरा र क्रमागत योजनाहरु पुरा हुने बजेट तथा कार्यक्रमहरु ।

उपस्थित महानुभावहरु,

अव म चालु आ.व. २०७५।०७६ को समिक्षा तथा विश्लेषण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मिथिला नगरपालिकाको २०७४ साल पौष २४ देखि शुरु भई माघको २ गते सम्पन्न भएको यस मिथिला नगरपालिकाको ऐतिहासिक प्रथम नगर सभामा आ.व. २०७४/०७५ को लागि हामीले ५१ करोड १ लाख बजेट प्रस्तुत गरेका थियौं। सो बजेट कार्यन्वयन गर्दा आम्दानी रु. ४५ करोड ३८ लाख १८ हजार २११।७७ र खर्च रु. ४० करोड ०८ लाख २५ हजार ३१२।३८ भइ नगद मौज्दात धरौटी र सशर्त तर्फको फिर्ता गर्नु पर्ने अनुदान समेत गरी रु ५ करोड २५ लाख ५२ हजार ८५५।३५ बाँकी रहयो। उल्लेखित खर्चबाट हामीले महत्वपूर्ण भौतिक पूर्वाधार संरचना निर्माण, तोकिएका सशर्त बजेटका कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण एवं नगर विकास प्रवर्द्धनका कार्य सम्पन्न गरेका थियौं भने गत २०७५ असार १० गते शुरु भई २४ गते सम्पन्न दोस्रो नगर सभामा आर्थिक बर्ष २०७५।०७६ का लागि कुल बजेट रु. **५१ करोड ६३ लाख ५१ हजार ३००** आय अनुमान हुने र सोही अनुसार खर्च हुने प्रक्षेपन गरिएको थियौं भने तेस्रो नगर सभा (हिउँदे अधिवेशन) ले यसमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त ५ करोड २६ लाख ७० हजार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट नेपालमा पर्यटनका लागि पहिचान भएका १०० नयाँ गन्तव्यमा परेको धनेश्वर महादेव पर्यटन विकास क्षेत्रको मन्दिर पुनःनिर्माण तथा जिर्णोद्धारको लागि प्राप्त भएको रु. २५ लाख समेत समावेश गरी ५७ करोड १५ लाख २१ हजारको बजेट प्रस्तुत भएको थियो। यसै वीचमा नेपाल सरकार, अन्य निकायबाट प्राप्त र गत आ.व.को यथार्थ मौज्दात समेतलाई समेटी २०७५ साल चैत्र १८ गते विशेष नगर सभाको बैठकले बजेट तथा कार्यक्रम थप समेत गरेको थियो।

माथि उल्लेख गरिएको पृष्ठभूमी र विभिन्न निकायहरुबाट प्राप्त भएका बजेटका स्रोतहरु एकिन भए अनुसार आ.व. २०७५।०७६ को लागि विशेष नगर सभाबाट रु. **६७ करोड ४५ लाख ८४ हजार ४५ रुपैया ६५ पैसाको** संशोधित आय व्यय हुने पेश भई योजना तथा कार्यक्रमहरु स्वीकृत भएकोमा हाल सम्म चालु खर्च तर्फ १५ करोड २२ लाख २५ हजार ३७३ रुपैया त्रिचालिस पैसा (४६.७२%) र पूँजीगत खर्च तर्फ रु. ५ करोड ५७ लाख ६६ हजार ८२४ रुपैयाँ ५५ पैसा (२२.८७%) समेत जम्मा रु. २५ करोड १५ लाख ५२ हजार १५८ रुपैया ४२ पैसा खर्च भएको छ । यसरी हेर्दा केही योजनाहरु हाल सम्म संचालन गर्न नसकिएको र अधिकांश योजनाहरु संचालनमा भई भुक्तानी प्रक्रियामा रहेका छन् । यसबाट क्षेत्रगत हिसावले निम्नानुसार उपलब्धी भएका छन्।

क) आर्थिक विकास : यस क्षेत्रको कृषि उपज खास गरी तरकारी र उखु बालीको पर्याप्त उत्पादन र बजारीकरणले कृषकको आयमा बढोत्तरी भएको छ भने दिनानुदिन बढदै गई रहेको व्यापार व्यावसाय विशेष गरी होटल व्यवसाय र उद्योगहरुको स्थापनाले यहाँको आर्थिक विकासमा बृद्धि हुदै गएको छ ,

ख) सामाजिक विकास : शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशिकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक) र विकासमा सुधार आएको छ ।

ग) पूर्वाधार विकास : नगरपालिका भित्र रहेका सवै सडकहरुको निर्माण र स्तरोन्नती गर्दै नगरपालिकाको आफ्नो भुगोलमा आफ्नै क्षेत्र भएर आवत जावत गर्न सडकको निर्माण भई रहेकोछ। सिंचाई कुलो, इनार, सामुदायिक भवन, पुल पुलेसा निर्माण थालनी भएको छ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम, तराई मधेश सम्वृद्धि कार्यक्रमका योजनाहरु सम्पन्न हुने क्रममा रहेका छन्।यसै

गरी स्वीकृत भएका कार्यक्रमहरु मध्ये आजका दिन सम्म झण्डै झण्डै ८० प्रतिशतको हाराहारीमा योजना तथा कार्यक्रमहरु सम्पन्न भई सकेका छन् ।

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन : यस क्षेत्रमा सामुदायिक वनहरुको संरक्षणले वातावरणमा उल्लेखनीय योगदान रहेको छ भने विपद व्यवस्थापन तर्फ बाढि, शितलहर,हावाहुरी, आगलागी र जंगली हात्तिबाट भएको क्षतिबाट पीडितहरुमा कैहीलाई राहत वितरण कार्य गरिएको छ भने केहीलाई राहत वितरण हुने क्रममा रहेको छ ।

ङ) सुशासन तथा संस्थागत विकास :सवै प्रकारको वित्तीय अनुशासन कायम गर्ने र फजुल खर्च नियन्त्रण गर्ने कार्यको थालनी गरिएको छ। सुशासनको लागि पारदर्शीता अपनाई समय समयमा नगरपालिकाबाट भएका गतिविधिहरुको बारेमा पत्र पत्रिका, रेडियो तथा सामाजिक संजालहरु, वेवसाईटबाट सवैमा जानकारीको लागि प्रकाशन तथा सम्प्रेशन गरिएको छ।

यस मिथिला नगरपालिकाका ११ वटै वडाहरुमा छुट्टा छुट्टै कार्यालय व्यवस्थापन गरी सवै वडाहरुबाट सेवा प्रवाहको थालनी भई रहेको छ। ११ वटै वडाहरुलाई इन्टरनेट सेवामा आवद्ध गरीएको छ ।सवै विषयगत कार्यालयहरुको व्यवस्थापन समेत गरी कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागि विभिन्न प्रकारका तालिम, गोष्ठी समेत भएका छन् भने आगामी दिनमा समेत यी कार्यहरुलाई निरन्तरता दिईने कार्यक्रम रहेको छ ।

उपस्थित महानुभावहरु,

चालु आ.व.मा भए गरेका कार्यको सक्षिप्त जानकारी पछि माथि उल्लेख गरिएका बजेट तर्जुमाको लागि अवलम्वन गरिएका पद्धति र आधारहरु बजेट निर्माण एवं प्राथमिकीकरण आधारमा मिथिला नगरपालिकाले आ.ब. २०७६।०७७ को लागि तय भएका प्रमुख क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु :

१ आर्थिक विकास नीति

१.१ कृषि तथा पशुपालन

- बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षिक गर्न "युवाको पौरख-मिथिलाको गौरव" नामक कृषि व्यवसायिक उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।
- जमिन बाझो राख्न नपाईने नीति अवलम्न गरिनेछ ।
- वडा वडामा आर्ग्यानिक खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सवैखाले सहयोग गरिनेछ ।
- आधुनिक उन्नत पशु उत्पादनमा जोड दिदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादनमा प्रोत्साहन गरिने छ ।
- उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ।
- ढल्केबरमा हाल लागि रहेको कृषि उपज बजारलाई अझ व्यवस्थित गरी मिथिला क्षेत्रकै मुख्य कृषि उपज बजारको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि उत्पादन बढाउने उद्धेश्यका साथ "उत्कृष्ट किसान, हाम्रो शान " नारालाई आत्मसात गर्दै उत्कृष्ट खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुरयाउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।
- मिथिला नगरपालिका वडा नं. १० लालगढमा रहेको आर्ग्यानिक टनेल खेति प्रविधिलाई प्रवर्द्धन गर्दै प्रदेशकै नमूना टनेल खेतीको लागि ग्रीन भिलेजलाई निरन्तरता दिइनेछ ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।
- कृषि उध्मशीलताको विकास, खाध स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।

१.२. पर्यटन

- पर्यटन प्रवर्द्धनको लागि नगरमा प्रमुख पर्यटकीय स्थलहरुको खोजी गरी पूर्वाधारको विकास गरिनेछ ।
- मिथिला नगरपालिका वडा नं ७ को मिथिला सागर, चमिनीमाई, धनेश्वर महादेव, कल्पेश्वर महादेव मन्दिर, औरहीबाबा मन्दिर क्षेत्र लगायत क्षेत्रको विकास गरी पर्यटन प्रवर्द्धन र विकास गरिनेछ ।
- सबै मठ मन्दिर, गुम्बाचैत्य, चर्च, मस्जिद सबैको संरक्षण तथा सुधार गरिनेछ ।
- हरियाली पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।
- एक वडा एक पोखरी मार्फत पानी संरक्षण अभियान तथा एक वडा एक उद्यान मार्फत बालबालिका मैत्री पार्क निर्माणको लागि अध्ययन गरी निर्माण कार्यको थालनी गर्ने पहल गरिनेछ ।
- नगरपालिका भित्र रहेका संभावित पर्यटकीय क्षेत्रमा होम स्टे कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिने छ ।
- यस नगरपालिका क्षेत्र भित्र पर्ने चुरे क्षेत्र संरक्षण गर्दै खोल्सा खोल्सीबाट निस्कने पानीको संरक्षण गर्दै पोखरीहरुको निर्माण गरिनेछ ।
- स्वदेशी तथा विदेशी प्रमुख पर्यटन बजारमा मिथिला नगरपालिकाको व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरिनेछ ।
- संघ र प्रदेश सरकारको लगानी प्रोत्साहित गर्दै सार्वजनिक निजी सहकारी साझेदारीको अवधारणा अनुरुप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय क्षेत्रको दिगो तथा प्रभावकारी व्यवस्थापनका लागि स्थानीय समुदायसँग सहकार्य गरिनेछ ।

१.३. उद्योग तथा वाणिज्य

- एक स्थानीय तह, एक औद्योगिक ग्राम स्थापना गर्ने संघीय सरकारको नीति अनुरुप नगरपालिका भित्र औद्योगिक ग्राम स्थापनाको लागि भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- आय आर्जन बृद्धिको लागि सीप विकास तालीमको अवसर जुटाई उद्यमी उत्पादनमा जोड दिईनेछ ।
- मिथिला नगर क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना र ठुला उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- समय समयमा व्यापार व्यवशाय मेला/महोत्सव आयोजना गरी गराई सबै खाले व्यापार व्यवशायको प्रवर्द्धन गरिनेछ ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको साथै अनुगमनलाई तिव्रता दिइनेछ ।
- राज्यको समावेशी नीति अनुसार प्राथमिकतामा परेको जातजाति तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गरिनेछ ।
- नगरको अर्थतन्त्रको विकासका लागि नगर क्षेत्रभित्र भएका सबैखाले उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरी स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिईनेछ ।
- नगर क्षेत्रभित्र संचालनमा रहेका व्यापार व्यवसाय र उद्योगलाई सुलभ किसिमले दर्ता तथा नियमन गरिनेछ।

- नगरको अर्थतन्त्रको विकासका लागि नगर क्षेत्र भित्रका उद्यमी तथा व्यवसायीलाई लगानीका लागि प्राथमिकता दिईनेछ।
- छिमेकी स्थानीय तहहरु संगको समन्वयमा नगरलाई तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारीमा संचालन गर्ने र गर्नकालागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ।
- उपलब्ध सिप, ज्ञान, प्रविधि र पुँजीलाई नगरको विकासमा उपयोग गरिनेछ।
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यलाई पूर्णरुपमा अन्त्य गर्दै नगरको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गरिनेछ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थाबाट सहायता लिदा नगर कार्यपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोगलाई नगरको एकमुष्ट वजेट (Basket Fund) मा समावेश गरी सम्बन्धित क्षेत्रमानै उक्त सहयोग खर्च गरिनेछ।
- औद्योगिक ग्राम, उद्यम व्यवसायसंग सम्बन्धित परियोजना तथा साझेदार संस्था मार्फत संचालनहुने परियोजनाको सन्दर्भमा नगरको प्राथमिकता अनुसार संचालन गरिनेछ।
- नगर क्षेत्रभित्र परम्परागत रुपमा संचालित लघु तथा साना उद्यमहरुको प्रवर्द्धन तथा स्तरोन्नती गरी नगरको आर्थीक विकासमा योगदान वढाईने छ ।

१.४ सहकारी तथा वित्तीय क्षेत्र

- सहकारी संस्थाहरुलाई दर्ता, नियमण, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।
- नगरपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरु संग सहकार्य गरी उत्पादनमूलक कार्यक्रमको लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्र संग भएको पुँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- नगर क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघसंस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई नगरको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै नगरको विकासमा आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ।

२.सामाजिक विकास नीति

२.१.शिक्षा

- महेन्द्र मा.वि., ढल्केबरको हाता भित्र रहने गरी मिथिला बहुमुखी क्याम्पसको स्थापनामा सहयोग गरिनेछ ।
- सवै विद्यालयहरुको प्रारम्भिक कक्षा देखि नै अंग्रेजीबाट पठनपाठनलाई निरन्तरता दिइनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ ।
- पूर्ण साक्षरता नगरपालिका घोषणा गर्न सक्रिय रुपमा कदमहरु चालीनेछ ।

- प्राविधिक शिक्षा तथा उच्च शिक्षाको भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसंग समेत समन्वय गरी श्रोतको व्यवस्थापन गरिनेछ ।
- सामुदायिक विद्यालयको पूर्वाधार विकास र स्तरोन्नतिको लागि आवश्यक सहयोग र सरोकारवालाहरु संग समन्वय गरी व्यवस्थित गर्दै लगिने छ ।
- नगर क्षेत्र भित्र सबै माध्यमिक विधालयहरुमा क्रमशः प्राविधिक शिक्षा समावेश गरी प्राथमिक तह देखि नै अंग्रेजी माध्यमद्वारा पठन पाठन गराउने कार्यको थालनीलाई निरन्तरता दिईनेछ।
- नेत्रहीन, सुस्त श्रवण, सुस्तमनस्थिति लगायत छुद्रटै क्षमता भएकाहरुको लागि विशेष शिक्षा व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रमा स्थापना हुने E- Library को स्थापनामा सहयोग गरिनेछ।
- यसै वर्ष नगरपालिकालाई पूर्ण साक्षर नगर घोषणाको लागि सबै खाले प्रक्रिया अबलम्वन गरिनेछ ।
- सामुदायिक बिद्यालयमा शिक्षक बिद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- नगर शिक्षा ऐन, नियम र योजनाको तर्जुमा गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ ।
- किशोर-किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय वाहिर रहेका बालबालीकालाई शिक्षाको मूलधारमा ल्याउने कार्यक्रम संचालन गरिनेछ ।
- एकिकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।
- शैक्षिक व्यवस्था सुदृढिकरण गरी गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरिनेछ।
- सबै विद्यालयहरुमा सुरक्षित स्थान पहिचानको व्यवस्थापन तथा विद्यालय सुरक्षित नक्सा निर्माण गरिनेछ ।

२.२.स्वास्थ्य

- स्वास्थ्य क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याइ नगर क्षेत्र भित्र वा नजिकका रहेका रक्त संचार केन्द्र, सर्पदंश उपचार केन्द्र तथा सामुदायिक अस्पताल जस्ता संस्थालाई क्रियाशील बनाउन आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग पुऱ्याईने छ ।
- एक वडा एक स्वास्थ्य केन्द्र स्थापना गरिनेछ ।
- नेपाल सरकारबाट प्राप्त अनुदान र नगरपालिकाको स्रोत साधनको अधिकतम उपयोग गरी नगर क्षेत्र भित्र रहेका सबै सामुदायिक स्थास्थ्य संस्थाहरुबाट निशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईने छ ।
- सबै नगरवासीहरुमा योग गरौं स्वस्थ बनौं भन्ने भावनाको विकास गराइनेछ ।
- नगरको केन्द्रको रुपमा रहेको ढल्केबरको स्थास्थ्य चौकीलाई कम्तीमा १५ शैयाको अस्पतालको रुपमा स्तरोन्नति गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजनालाई शसक्त रुपमा कार्यान्वयन गरी पौष्टिक खाना खाने बानी गराई कुपोषणलाई न्यून गरिने कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी अभियान अन्तर्गत स्वास्थ्य सेवा संचालनमा प्राथमिकता दिईनेछ ।

- स्वस्थकर मासु, फलफुल तथा तरकारी बिक्री वितरणको व्यवस्था मिलाईनेछ ।
- सुरक्षित मातृत्व तथा आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।यसको प्रभावकारिताका लागि हेल्लो सिस्टर कार्यक्रम संचालन गरिनेछ ।
- कुष्ठरोग निवारणमुक्त नगरपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल सरकारको नीति बमोजिम हाल स्वास्थ्य चौकीहरुबाट वितरण हुँदै आएको निशुल्क सेवा औषधिमा वि कम्प्लेक्स टयाब्लेट/क्याप्सुल एण्टि एलर्जिक टयाब्लेट थप वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- पूर्णखोपयुक्त नगरपालिका घोषणा भई सकेको सन्दर्भमा यसलाई दिगोपन दिने कार्यक्रमहरु संचालन गरिनेछ ।
- वार्षिक रुपमा कम्ती १ पटक नगर क्षेत्र भित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ।
- वार्षिक रुमा कम्तीमा एक पटक नगरपालिका भित्र रहेका महिलाहरुको पाठेघर जाँचको लागि स्क्रीनिङ क्याम्प संचालन गरी आङ खस्ने विरामीहरुलाई अप्रेशनको व्यवस्था मिलाईनेटछ।
- क्षयरोग, औलो, डेंगु, एच आई भि एड्स जस्ता सर्ने रोगहरु पत्ता लगाई उपचार पद्धतीमा ल्याई रोगको न्यूनिकरण गरिनेछ ।
- मातृ तथा नवजात शिशु स्वास्थ्य तथा बाल स्वास्थ्यमा सुधार ल्याउन विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा प्रभावकारी किशोर किशोरी स्वास्थ्य सेवाको उपलब्धता र सुनिश्चितताका लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।
- मातृशिशु तथा बाल्यकालिन पोषणमा सुधार ल्याउन विभिन्न स्थानमा (विभिन्न कार्यालयहरु, स्वास्थ्य संस्था, बसपार्क) स्तनपान कक्षको निर्माण, स्वास्थ्य संस्था, विद्यालयहरुमा पोषण कर्नरको स्थापना, स्थानीय स्तरमा पोषणयुक्त पिठो (सर्वोत्तम पिठो) तयार गरी १००० दिनका आमाहरुलाइ वितरण गर्ने तथा उपभोग गर्ने वारे सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।
- कडा शिघ्र कुपोषणका भएका बालबालिकाको उपाचारका लागि बहिरङ्ग उपचार केन्द्रको विस्तार तथा व्यवस्थापन गर्ने ।
- पोषणयुक्त गाउँ/वडा/स्थानिय तह सुनिश्चित अभियान तथा सुनौला हजार दिनको लागि सञ्चार अभियान सञ्चालन गरिनेछ ।

२.३. खानेपानी तथा सरसफाई

- मिथिला नगरपालिका खुल्ला दिशामूक्त घोषणा भई सकेकोले नगरपालिकालाई "खुल्ला दिसालाई विदावारी-पूर्ण सरसफाईको यात्रा जारी" को नारा सहित सरसफाईको नमूना नगरपालिकाको रुपमा विकास गरिनेछ ।
- स्वच्छ खानेपानीमा सम्पूर्ण नगरबासीलाई पहुँच कायम गर्न संभाव्यता अध्ययन गरी नगरलाई "एक घर एक धारा" को रुपमा विकसित गर्न सम्बन्धित निकायमा पहल गर्नुका साथै नगरपालिकाबाट साझेदारी गरिनेछ।
- सरसफाईको लागि मानिसहरुको वानी वेहोरामा आमूल परिवर्तन (Total Behaviour Change) गर्न नगर क्षेत्र भरी जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरको मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ।

- नगर क्षेत्र भित्र नेपाल सरकारले तोकेको मापदण्ड विपरितका प्लास्टिक झोलाको प्रयोगलाई प्रतिवन्ध गरी सार्वजनिक निजी साझेदारी (3Ps) मोडेलको अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापनमा सहयोग हुने गरी वातावरणमैत्री झोला प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- पानी सुद्धिकरण अभियान तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- फोहरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन निमयमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी फोहरमैला व्यवस्थापनमा जनचेतना अभिबृद्धि गर्दै "सफा सुन्दर हाम्रो मिथिलानगर" को रुपमा विकास गरिनेछ। यसका लागि नगरका सवै बालक्लवहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु लगायत सम्पूर्ण सहयोगी शुभेच्छुकहरुको सहयोगमा सफा नगरपालिका बनाउने कार्यको थालनी गरिनेछ ।
- प्रदेशबाट सञ्चालित मुख्य मन्त्री स्वच्छता अभियान र यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी व्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसंग जोडी कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गर्ने । यसका लागि पालिकाको १० वर्षीय खानेपानी, सरसफाइ र स्वच्छता योजना ध्यक्क एविल० तयार गरी सबै सरोकारवालाहरु र विकास साझेदार संस्थाहरुलाई यसै योजनाको लक्ष्य पूरा गर्न एकद्धवार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने र खुला दिसामुक्त पछि खानेपानी सुरक्षित समुदाय (ध्वतभच कबाभ अक्कगलष्तथ० विकास गर्दै पूर्ण सरसफाइ तर्फ अगाडि बढ्ने
- संस्थागत सरसफाइ (विद्यालय/बाल विकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी सरसफाइ) सुविधा सुनिश्चित गर्न आवश्यक्ता अनुशार निर्माण गर्ने, प्रयोगमा नआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायी संस्थाहरुलाई पुरस्कार र जरीवानाको व्यबस्था गर्ने र समुदाय स्तरमा सरसफाइ र स्वच्छता अभियान सञ्चालन गर्न समाजिक नियमहरु बनाई अभियानको रुपमा लागू गरिनेछ ।
- कुनै पनि समयमा आउन सक्ने विपदसंग जुध्न सक्ने खानेपानी र सरसफाइ संरचना निर्माण गर्नका साथै यसका लागि पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै ध्यक्क न्यखभचलबलअभ सुनिश्चित गर्न वातावरण तयार गरिनेछ ।

२.४. समावेशिकरण/गरिबी निवारण तथा कला

- बालसंरक्षण प्रणाली स्थापना र सवलीकरण गरिनेछ ।
- सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।
- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र ज्येष्ठ नागरिकको सेवा केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- बाल विकास केन्द्र खडा गरी आवश्यक पाठ्य सामाग्री उपलब्ध गराइने छ ।
- युवाहरुलाई सीपमुलक र व्यवसायिक तालिम प्रदान गरी स्वरोजार बन्न अभिप्रेरित गरिने छ ।
- बालश्रम उन्मूलन तथा बाल अधिकारसंग प्रत्यक्ष सम्वन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइने छ । ज्येष्ठ नागरिकको सम्मान कार्यक्रमलाई अभिवृद्धि गरिदै लगिने छ ।
- महिला, बाल बालिका र अन्य लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ।

९४.

- महिला तथा विपन्न वर्गको शसक्तीकरण लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचाललनलाई निरन्तरता दिईने छ।
- **"मिथिलाको चाहना-घर घरमा सहाना"** भन्ने अभिप्रायले स्नातक उत्तीर्ण गर्ने मिथिलाकी छोरी बुहारीहरुलाई प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सिपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरि साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक परिचय पत्र बितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवश (अक्टुवर १ तारिक) को अवसरमा जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।
- नगर स्तरिय साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जगेर्ना तथा विकास गरिनेछ ।
- बर्षौं देखि बसोबास गर्दै आएका अव्यवस्थित बसोबासी तथा भूमीहिन किसानहरुको पहिचान गरी उचित व्यवस्थापनको लागि सबैखाले पहल गरिनेछ ।
- नगरलाई बाल मैत्री, पूर्ण खोप, पूर्ण घटना दर्ता नगर घोषणा गर्न गरिनेछ ।
- लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ साभाजिक परिचालनको माध्यमद्धारा सशक्तिकरण गरी मागमा आधारित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँ नगर पालिका को पार्श्व चित्र निर्माण गरिनेछ ।
- नतिजामा आधारित बार्षिक तथा आवधिक योजना निर्माण गरिनेछ ।
- **२.५ मानव संशाधन विकास**
- नगरमा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारीता ल्याउन गैह्र सरकारी संस्था डेस्क सुदृढीकरण गरी नगरको विकास निर्माणमा गैह्र सरकारी संस्थाको भूमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ ।
- गैह्र सरकारी संस्थासंग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- एकिकृत सामाजिक सुरक्षा रणनीति निर्माण गरिनेछ ।
- सामाजिक सुरक्षाको पहुच,प्रभावकारिता र सुधारका लागी कार्यहरुको बालपोषण भत्ताको विस्तार तथा प्रभावकारी अनुगमन गरिनेछ ।
- आपतकालिन जोखिमको समयमा सामाजिक सुरक्षा व्यवस्थालाइ संबोधन गर्ने रणनीति लिईनेछ ।

९२.

२.६.खेलकुद

- नगर भित्र रहेका खेल मैदानमध्ये उपयुक्त खेल मैदानलाई क्षेत्रीयस्तरको अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न पहल गरिनेछ ।
- नगरस्तरीय खेलकुदको लागि मिथिला नगरपालिकाको वडा नं. ६ मा एउटा बहु उपयोगी भवनको निर्माण कार्यको लागि निरन्तरता दिइनेछ ।
- सबै वडामा कम्तीमा एक वटा खेल मैदानको विकास गरी फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न नगरस्तरीय खेलकुद समितिको स्थापना गरिनेछ ।
- युवाहरुलाई खेलकुदमा आकर्षित गर्न मेयर कप खेलकुद प्रतियोगिता आयोजना गरी यसलाई निरन्तरता दिईनेछ।
- समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावना पैदा गराईनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने नगर क्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ।

२.७. सामाजिक परिचालन

- नगरपालिका क्षेत्रलाई सामाजिक रुपान्तरण गर्नको लागि सामाजिक परिचालन कार्यक्रमहरु संचालन गरिनेछ।
- सामाजिक परिचालनका माध्यमबाट गरीबी न्यूनीकरण कार्यक्रमलाई मुलप्रवाहीकरणमा जोड दिइनेछ ।
- सामाजिक परिचालन मार्फत समाजमा सकारात्मक सोच अभिवृद्धिको कार्यक्रमहरु अगाडी बढाइनेछ ।

३ पूर्वाधार विकास नीति

३.१ सडक तथा पुल

- नगर क्षेत्रको पूर्व पश्चिम राजमार्ग तथा जनकपुर जाने सडक ५० मिटर, "क" वर्गका प्रमुख सडकहरु ३० मिटर र सो भन्दा माथि, "ख" वर्गका मुख्य शाखा सडकहरु २० मिटर वा सो भन्दा माथि, "ग" वर्गका शाखा सडकहरु १० मिटर देखि १५ मिटर, "घ" वर्गका भित्री शाखा सडकहरु ६ मिटर देखि १० मिटर र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत कम्तीमा ४ मिटर वा सो भन्दा नक्सामै बढी भएका सडकहरुलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक ममंतका गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ।
- भौतिक पूर्वाधारहरु खडा गर्दा बाल, महिला, अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिइनेछ। सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु सचालन गरिने छ ।
- नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका, निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठुला पुर्वाधार निर्माण कार्य संचालन गरिने छ ।
- नगर यातायात गुरुयोजना तयार गरी नगरका सबै वडाका सडकहरुलाई स्तरोन्नती र निर्माण गरिनेछ।

- विकासको आधार भौतिक पूर्वाधार भन्ने नारालाई मूर्त रुप दिन लैखिने छैन, देखिने भन्ने जनबोलीलाई यथार्थमा परिणत गर्ने उद्देश्यका साथ आगामी ३ वर्ष भित्रमा आलोपालो सबै वडामा कम्ती १ वटा योजना पर्ने गरी छुट्टै " मेयर नगर गौरव योजना" संचालन गरिनेछ ।
- पूर्व पश्चिम मार्ग र ढल्केबर जनकपुर सडक क्षेत्राधिकार भित्र अनाधिकृत रुपमा हुने व्यापार व्यवशाय र जथाभावी पार्किङ गर्ने कार्यलाई निरुत्साहित गरी सवारी आगमनलाई व्यवस्थित गरिनेछ।
- एकीकृत नभूना बस्तीको विकासलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।
- निजी जग्गा जमिनमा नगरपालिकाको लगानीमा विकास निर्माण हुने भएमा जग्गा सार्वजनिक भए गरे पछि मात्र विकासका कार्य गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३.२ सिंचाई

- आवश्यक र संभाव्य क्षेत्र पहिचान गरी सिंचाईको व्यवस्था गरिने छ ।
- नगर भित्र यो वर्ष कम्तीमा २ वटा पूर्ण रुपमा संचालन र व्यवस्थित भएको बोरिङ्ग निर्माण गरिनेछ ।
- सुनकोशी र मरिण डाईभर्सनबाट कमला हुदै रातु नदीमा पानी ल्याई यस नगर क्षेत्रमा सिंचाई सुविधा पुर्‍याउन पहल गरिनेछ ।
- चुरे क्षेत्रमा रहेका पानीको मुहान, झोराझोरीहरुको उचित संरक्षण तथा प्रवर्द्धन गरी पानी रिचार्ज मर्फत आईपर्ने समस्याहरुको सामाधनका लागि उचित पहल गरिनेछ ।

३.३ भवन तथा सहरी विकास

- राष्ट्रिय भवन आचार संहिता तथा वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन, २०७२ र नगरपालिकाको भवन निर्माण मापदण्ड अनुसार भवन निर्माणको लागि नक्सा पास गरिने व्यवस्था मिलाईनेछ।
- नयाँ घर निर्माणको नक्सा पास गर्दा र पुराना घरको नियमित/ अभिलेखीकरण गर्दा कम्तीमा "***एक घर एक बिरुवा, एकघर फूल सहितको पाँच गमला***" लगाई हुर्काउनु पर्ने नीतिको प्रभावकारी कार्यान्वय गरिने छ।
- दिगो, नतिजामूलक र दिर्घकालिन भौतिक विकासको लागि नगर गुरुयोजना (Master Plan), आवधिक योजना लगायत विभिन्न क्षेत्रगत योजना तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थको नगरस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सडक लगायत विभिन्न भौतिक संरचनाहरुको निर्माण तथा मर्मतको सभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ ।
- नगरमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता, प्राथमिकता एवं लाभान्वित वर्गको चाहाना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिनेछ ।

96.

- ५ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजनासम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ । जुनसुकै आयोजनाको शुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भई सके पछिको अवस्था स्पष्ट झल्कने तस्बिर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना सार्वजनिक परीक्षण प्रतिवेदन (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ ।
- सार्वजनिक, नदी उकास जग्गा अतिक्रमण गर्ने तथा सडक पेटी अतिक्रमण गर्ने कार्यलाई नगरपालिका, सम्बन्धित सरोकारवाला निकाय र जनसहभागिताबाट संरक्षण तथा नियन्त्रण गरिने छ।
- खोला नाला, सार्वजनिक ऐलानी पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।
- नगरपालिकाको कार्यालय संचालन तथा भवन निर्माणको लागि यस सिथिला नगरपालिका वडा नं. ७ को सुखजोरखोला पूर्व कृषि, पशु तथा खाली रहेको विद्यालय भवनलाई पुनः निर्माण गर्दै कार्यालय संचालन तथा सोही स्थानमा भवन निर्माण कार्यको थालनी गरिनेछ ।
- ल्याण्डफिल साईटको सर्वे डिजाईनको कार्य सम्पन्न भएकोले उपयुक्त जग्गाको पहिचान गरी निर्माण कार्यको थालनी गरिनेछ ।
- प्रत्येक बर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजय गर्ने नीति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिईनेछ।
- नगर भित्र रहेका बहु-उपयोगी पोखरीको मर्मत, स्तरोन्नती तथा निर्माण गर्ने, खानेपानी तथा सिंचाई मुहान संरक्षण गर्ने, पुराना पार्कको संरक्षण तथा सुदृढिकरण गर्ने, नयाँ पार्कको विकास गर्ने, सडकका दायाँ वायाँ वृक्षारोपन गरी सडकलाई हरित सडकको रुपमा विकास गरी नगरलाई रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- नगरभित्र उपयुक्त स्थानमा बसपार्क, मिनी बसपार्क, फलफूल, तरकारी र मासुजन्य पदार्थ विक्री स्थानको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनको लागि पहल गरिनेछ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न नगरको मुख्य चौकमा सि.सि. क्यामरा र सौर्य सडक बत्तिको व्यवस्थापन गर्दै यसलाई सबै क्षेत्रमा विस्तार गर्दै लगिनेछ ।
- नगरपालिका भित्र न.पा. स्थापना पूर्व निर्माण भएका घर सडकको मापदण्डलाई व्यवस्थित गर्न लगाई सरल प्रक्रिया अपनाई नियमित गर्ने र अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आवासिय भवनको नक्सा पास गर्ने प्राविधिक, इन्जिनियर, आर्किटेक्टहरुलाई अनिवार्य सूचीकृतको व्यवस्था गर्ने र आवश्यकता अनुसार उनीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय नगद/ लागत साझेदारीको आधारमा पूर्वाधार विकासको कार्य अगाडी बढाइनेछ ।
- नगर पार्श्व चित्र अद्यावधिक गरी त्यसलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना, आवासीय योजना, भू उपयोग योजना तर्जुमा गरी लागु गरिने छ ।

- भूकम्प प्रतिरोधात्मक घर निर्माणका लागि डकर्मीहरुलाई अनिवार्य तालिमको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता विकास मार्फत नगरपालिकाको अर्थतन्त्र सुदृढीकरण गरिनेछ।

३.४. व्यवस्थित वस्ती विकास

- नगर क्षेत्र भित्र जग्गा प्लटिङ्ग गर्दा नगरपालिकाको सहमति आवश्यक पर्नेछ । नगरपालिकाले एकिकृत जग्गा विकास योजना प्रतिवेदनको परिधि भित्र रही आवसिय क्षेत्र, औधोगिक क्षेत्र, व्यवसायिक वजार क्षेत्रलाई तोकिएको स्थानमा मात्र मापदण्डको परिधि भित्र मात्र सहमति दिने व्यवस्था मिलाईनेछ ।
- जग्गाको नयाँ प्लटिङ्गको अनुमति प्रदान गर्दा कम्तीमा ८ मिटर भन्दा बढि चौडा सडकसंग जोडिएको प्लटमा भित्री सडकहरु कम्तीमा ६ मिटर चौडा गरी खानेपानी, विद्युत पोल, ढल र सडकको स्तरोन्नती समेत गर्ने शर्तमा मात्र अनुमति प्रदान गरिनेछ ।
- नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटर भन्दा कम नहुने गरी कायम गरिने छ ।
- समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गरिनुको साथै प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ । व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागु गरिनेछ ।
- अव्यवस्थित तथा ऐलानी जग्गामा वर्षौं देखि बसोवास गरी आएका बसोवासीहरुको घर जग्गाको लगत संकलन गरी अभिलेख राख्ने र व्यवस्थित बसोबासको लागि आधिकारीक स्वामित्वका आधारमा लालपुर्जा वितरण गर्न नेपाल सरकार संग पहल गर्ने र बाँझो जमिनलाई उत्पादन मुलक कार्यमा प्रयोग गर्न लगाइने छ ।
- एकिकृत जग्गा विकास योजना तयार गरी सो अनुसार भूमिलाई वर्गीकृत गरी आवास क्षेत्र, सहरी क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू उपयोग गर्ने नीति लिईने छ ।

३.५. संचार

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई नगरपालिकासँग जोडिने छ । विद्युतीय अनुगमनको शुरुवात गरिनेछ । अनलाइन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।
- प्रारम्भिक चरणमा सहरी क्षेत्र र क्रमश नगर भित्रका ग्रामिण क्षेत्र भित्र समेत फ्रि वाइफाई सेवा विस्तार गर्दै लगिनेछ ।
- नगर भित्रका नगर पत्रकार संजाल निर्माण गर्न सहयोग गर्दै पत्रकारिता प्रशिक्षणको लागि तालिमको व्यवस्था गरिनेछ।
- पत्रकारहरुको हीतको लागि पत्राकार महासंघको नाममा कल्याणकोषको व्यवस्था गरिनेछ ।

३.६ विधुत तथा वैकल्पिक उर्जा

- शहरी शुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा पूर्व पश्चिम राजमार्ग र नगरका प्रमुख सडक तथा चोकहरुमा सौर्य सडक बत्तिको व्यवस्था गरिनेछ ।
- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।
- सिंचाईका लागि सोलार पम्पिड प्रयोग गर्न नीति लिईनेछ ।
- नगर क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका ठाउँमा विद्युतीकरण गर्ने व्यवस्था मिलाइने छ।

४.वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति

४.१. वन वातावरण तथा जलवायु परिवर्तन

- "ग्रिन सिटी, क्लिन सिटी"को अवधारणा अनुरुप नगर क्षेत्रमा रहेका मुख्य राजमार्ग र अन्य सडकको दायाँ बायाँ सार्वजनिक निजी साझेदारी नीति अनुरुप बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- जलवायु परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ । हरीत शहरको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
- अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।
- बजार तथा बाटोमा जथाभावी होडिङ बोर्ड राख्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- चुरेसित जोडिएका राष्ट्रिय तथा सामुदायिक वनहरुलाई सरोकारवालाहरुसंगको समन्वयमा संरक्षण तथा प्रवर्द्धन गरी वातावरण तथा जलवायु परिवर्तनको समस्यामा सहयोग पुऱ्याउदै नगर भित्रको वातावरण सुधार तथा आम्दानी वढाउन खाली पर्ति जग्गामा बृक्षारोपण गर्न पहल गरिनेछ ।

४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण

- नगरस्तरीय विपद् व्यवस्थापन कोष स्थापना गरी रकमको व्यवस्था गरिएको छ । यस कोषको अभिबृद्धिको लागि अन्य निकाय तथा गैह्र सरकारी संघ सस्था एवं शुभेच्छुकसमेतबाट साझेदारीता अभिबृद्धि गरिने छ।
- सार्वजनिक, पर्ति तथा नदि उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
- विपद् तथा प्रकोपबाट नगरवासीको सुरक्षाको लागि समयमा नै प्रकोप सूचना प्रवाह तथा प्रकोपको समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइने छ । नगरमा आई पर्ने विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको थालनी गरिने छ। डुवान, कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल, समन्वय तथा सहकार्य गरिनेछ ।
- नगर भित्रका नदिका कारण जनताले भोग्नु परेको समस्याहरुलाई न्यूनिकरण गर्न प्रक्रिया अघि बढाईने छ।
- वारुण यन्त्र सेवाको लागि आवश्यक साझेदारी गरिनेछ ।
- अनियन्त्रित प्रकृतिक श्रोत दोहन तत्काल रोकी यसलाई प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन तथा परिक्षण गरी व्यवस्थित गर्दै लगिनेछ ।
- वहु प्रकोप जोखिम तथा विश्लेषण VCA तथा पार्श्वचित्र निमार्ण गरी पालिका तथा समुदाय स्तरमा विपद तथा जलवायू उत्थानशिल योजना निर्माण गरिनेछ ।
- बिपदपूर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण गरिनेछ ।

२०.

- पूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरण लाई समावेश गरी कार्यान्वयन गरिनेछ ।
- खोज तथा उध्दार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्ष जनशक्ति तयार गरिनेछ ।
- विकास निर्माणका कार्यहरु गुणस्तरिय सामाग्रीहरु प्रयोग भए नभएको, भवन आचार संहिता पालना भए नभएको, विकासका कार्य गर्दा वातावरणीय अध्ययन भए नभएको, अनुगमन गरिनेछ ।

४.३ फोहोरमैला व्यवस्थापन

- नगरको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई सार्वजनिक निजी साझेदारी (3Ps) मोडेलको अवधारणा अनुरुप फोहोर मैला व्यवस्थापन गरिनेछ ।
- फोहरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्टयाउन लगाई कुहिनेलाई कम्पोष्टमल बनाउने, नकुहिने फोहर मध्ये पुनः प्रयोग हुनेलाई बेचेर "फोहोरलाई मोहर" बनाउने तथा अन्य काम नलाग्ने फोहरहरु मात्र रुटिन अनुसार नगरपालिकाले फोहर उठाउन व्यवस्था गरेको सवारीमा सिधै राख्ने व्यवस्था मिलाई सरसफाईको प्रवर्द्धन गरिनेछ ।
- फोहोरलाई उचित स्थान (Land field Side) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

४.४ विपद् व्यवस्थापन

- विपद् व्यवस्थापनको लागि विपद् पूर्वको तयारीको लागि प्रतिकार्य योजनाको तयारीको योजना निर्माण गर्ने, विपद् भएको अवस्थामा खोजतलास र उद्धार कार्य गर्ने र विपद् पश्चात प्रतिस्थापन, पुनः निर्माण र राहतको कार्यक्रम संचालन गरी ३ चरणमा विपद् व्यवस्थापन गर्ने नीति लिईनेछ।
- नगर क्षेत्रमा हुने विपद्को व्यवस्थापन गर्न नगरस्तरीय विपद् व्यवस्थापन समिति/वडास्तरीय विपद् व्यवस्थापन समिति खडा गरी सो समितिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लाईनेछ ।
- भूकम्प, वाढीपहिरो, आगलागी तथा डढेलो जस्ता विपद्को बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरी चेतना अभिबृद्धि गरिनेछ ।

५. संस्थागत विकास तथा सेवा प्रवाह

- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक बडापत्र समायानूकल अद्यावधिक गरी लागु गरिने छ। नागरिक बडापत्रलाई मोवाईल एप्समार्फत हेर्न सकिने प्रविधिको विकास गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।
- कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ।
- वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचार संहिता बनाई लागु गरिनेछ।
- सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश पहिलो सेवा प्रणाली (First come-First service) अवलम्बन गरिनेछ ।

२१.

- नगरपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिवृद्धि र प्रोत्साहनको लागि प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै नगरवासी जनतालाई सूचनाको हक अधिकारको पुर्णरुपमा प्रत्याभुति दिलाइनेछ ।
- अन्तर नगर सम्बन्धको विकास गर्दै विदेशका उत्कृष्ट नगर संग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ।

६. वित्तिय व्यवस्थापन तथा सुशासन

- राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई राजस्व वृद्धिका लागि आगामी ३ महिना भित्र राजस्व सुधार योजना बनाई कार्यन्वयन गरिने छ ।
- आन्तरिक आय संकलनमा बृद्धि गर्ने कर्मचारीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार, महालेखा परिक्षक, महालेखा नियन्त्रण कार्यालय तथा केन्द्रिय लेखा प्रणालीका आम्दानी तथा खर्च शिर्षकहरुमा नगरपालिकाको आय तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार बमोजिम नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा कर लगाईनेछ।
- मिथिला नगरपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गर्दै लगिनेछ ।
- "रहरले तिर्छौं अब कर- सधै पर्दैनौ अनुदानको भर" भन्ने भावनालाई सम्पूर्ण नगरवासीहरुमा आत्मसाथ गराउने कार्यक्रम संचालन गर्दै आन्तरिक राजस्वको दायरालाई फराकिलो बनाईनेछ ।
- राजस्व संकलनको प्रक्रियामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी करको रकमलाई पारदर्शिता र विश्वसनीयताका साथ सही ठाउँमा प्रयोग गरिनेछ ।
- उत्कृष्ठ करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासंग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।
- नगरमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिबृद्धिमा जोड दिइनेछ ।
- "सूचना, तपाईको अधिकार" भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ।
- नगरपालिकाको सबै सूचनाहरु वेवसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाईने छ । प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।

७. बजेट निर्माण तथा कार्यान्वयन

- गत विगत आ.व.हरुमा जस्तै आउदो आर्थिक वर्ष २०७६/०७७ को बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ। सोही अनुसार प्रत्येक वडालाई भौगलिक क्षेत्र र जनसंख्याको आधारमा पूँजीगत तर्फ न्यूनतम रु. ८० लाख, ८२ लाख र ८५ लाख सम्म बजेट विनियोजन भएको छ भने चालु तर्फ रु. ५ लाखका दरले प्रशासनिक खर्चलाई परिमार्जन गरी वडा समितिबाट आएका योजनाहरु जस्ताको तस्तै राखिएको छ भने उक्त योजनाको कार्यान्वयन समेत वडा मार्फत नै गरिनेछ।
- नगरपालिकामा रहने बजेटबाट वडाबाट माग भई आएका योजनाहरु मध्येबाट नमूनाको रुपमा योजनाहरुको तय गरी कार्यान्वयन गरिनेछ।
- जनसहभागिता अभिबृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रबर्द्धन गर्नलाई प्रथमिकता दिइनेछ ।
- नगरबासीका असिमित आवश्कता र चाहनालाई पुरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपुग भएकोले योजनाहरुलाई एकिकृत गरी योजना बैंकको रुपमा राखिने र ति योजनाहरुको लागि लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघीय सरकारमा माग गरिने छ।

प्रस्तुत नीति तथा कार्यक्रम लागु गर्न आगामी आर्थिक बर्ष २०७६/०७७ को लागि सम्म ६२ करोड ८७ लाख ४७ हजार १ रुपैया बजेट अनुमान गरेको छु। यसमा संघीय सरकार र प्रदेश सरकारका सशर्त बजेट, सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, सडक बोर्ड नेपाल, यूनिसेफ नेपाल, प्रदेश सरकारको कार्यविधि अनुसार काम गर्नु पर्ने समपुरक र विशेष अनुदान समेत समावेश छ । व्यय तर्फ सबै वडा कार्यालय, विषयगत शाखाहरुबाट पेश भएका र नगर भित्र रहेका विभिन्न संघ संस्था एवम नागरिक समाजको माग एवं राय सल्लाह सुझावको रुपमा आएका योजना तथा कार्यक्रमहरुलाई एकिकृत योजना तर्जुमा समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै कार्यपालिकामा छलफल गरी प्रस्ताव गरेका योजना/कार्यक्रमहरु नगर सभामा विभिन्न चरणमा छलफल गरी स्वीकृत भए बमोजिम विनियोजन भएको व्यहोरा नगर सभा सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु समक्ष जानकारी गराउदछु।

प्रस्तावित बजेटलाई नगरपालिका, वडा कार्यालय तथा विषयगत कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाएको छु। नगर सभाबाट पारित भएपछि विस्तृत विवरण सहितको सम्पूर्ण नीति, कार्यक्रम तथा बजेट समेटिएको नगर विकास पुस्तिका प्रकाशन गरी सबैलाई जानकारीको लागि उपलब्ध गराइने व्यहोरा जानकारी गराउँदछु ।

